प्रस्तावहरु:-

१. वार्षिक योजना प्रगती विवरण र आन्तरिक आय असुली विवरण सम्बन्धमा ।

२. वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।

३. नदीजन्य पदार्थ उत्खनन् संकलनमा भारी उपकरण संचालन सम्बन्धि कार्ययोजना २०७५ पारित सम्बन्धमा ।

४. वडा नं. ६ मा सामुदायीक भवन निर्माणको लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।

५. गाउँपालिका स्तरीय पार्श्व चित्रको मस्यौदा र राजश्व सुधार योजनाको प्रतिवेदन सम्बन्धमा ।

६. लागत र सहभागितामा संचालित योजना सम्बन्धमा ।

७. स्वास्थ्य (सुत्केरी स्याहार भत्ता) को अनुदान सम्बन्धमा ।

८. पशु सेवा शाखाको पशु विमा निर्देशिका संशोधन सम्बन्धमा ।

९. आवधिक योजना निर्माण सम्बन्धमा ।

१०. विविध:

क) पाठ्यक्रम परिमार्जन र भाषा सम्बन्धमा ।

ख) गाउँपालिका स्तरीय योजना अनुगमन सम्बन्धमा ।

ग) लागत सहभागिता अन्तर्गत वाडा नं. २ को ८ नं. डहरको योजना सम्बन्धमा ।

घ) पटुवाधाप ।

ङ) विद्युतीकरण।

च) आदर्श कुलो मर्मत सम्बन्धमा ।

छ) ट्राफिक व्यवस्थापन सम्बन्धमा ।

कार्यपालिकाको कार्यालय
नवलपरासी

**लक्ष्मी देवी पाण्डे**
**अध्यक्ष**

निर्णयहरुः-

१. प्रस्ताव नं.१ सम्बन्धमा छलफल गर्दा यस आ.व.०७५/०७६ को स्वीकृत योजना कार्यक्रमहरुको आजका मिति सम्म भए गरेका (सम्झौता, बाँकी र सम्पन्न) योजनाहरुको विवरण वडागत रुपमा तथ्याङ्क लिई सो माथि छलफल गरीयो, बाँकी रहेका योजनाहरुलाई समय मै सम्झौता गरी संचालन गरी सम्पन्न गर्न आ-आफ्नो वडामा कार्य अगाडी बढाउने निर्णय गरीयो ।

२. प्रस्ताव नं. २ सम्बन्धमा छलफल गर्दा वडा कार्यालयहरुको भवन निर्माण सम्बन्धि सूचना प्रकाशित भई वोलपत्र प्राप्त भई सकेको र सो को मूल्याङ्कन गरी वोलपत्र स्वीकृतीको सूचना प्रकाशित गर्ने तयारी भई रहेको र अबको १० दिन सम्ममा सम्बन्धित वडा भवन निर्माणको लागि स्वीकृत वोलपत्रदाताहरु सम्बन्धित स्थानमा पुगी कार्य प्रारम्भ गर्ने हुँदा वडा कार्यालय भवन निर्माणको जग्गाको सुनिश्चितता सम्बन्धि वडाले यथाशिघ्र गरी पठाउने निर्णय गरीयो ।

३. प्रस्ताव नं. ३ सम्बन्धमा छलफल गर्दा आजको कार्यपालिका बैठकमा पेश भएको गिरुवारी खोलामा भारी उपकरण संचालन सम्बन्धि तपसिलको कार्ययोजना २०७५ पारित गर्ने निर्णय गरीयो ।

हुप्सेकोट गाउँपालिका

गिरुवारी खोलामा भारी उपकरण संचालन सम्बन्धि कार्ययोजना २०७५

१. **उद्देश्यः** गिरुवारी खोलाबाट तोकिएको परिमाणमा नदीजन्य पदार्थ संकलन गरी विकास निर्माणका कार्यमा सहजीकरण गर्ने तथा नदी च्यानलाईज गरी विपद न्यूनीकरण गर्ने ।

२. **प्रस्तावित स्थानः** गिरुवारी खोलामा ठेक्का व्यवस्थापन भएको ३ खण्डः बेलाहानी, गिरुवारी, कोलिया ।

३. **प्रस्तावित स्थानको अवस्थितीः**

- Long/Lat: प्रारम्भिक वातावरणीय प्रतिवेदन तथा ठेक्का सूचनामा उल्लेख भए अनुसार
- लम्बाई चौडाईः IEE प्रतिवेदन अनुसार तोकिएको क्षेत्र छोडी कायम भएको लम्बाई तथा खण्ड अनुसार नदीको दायाँ बाँया छोडी कायम भएको चौडाई ।

४. **विकल्पको विश्लेषणः**

- मेशिन प्रयोग नगर्दा जैविक, आर्थिक र सामाजिक रुपमा पर्ने असरः-
  गिरुवारी खोलाको सतह सामान्यतया नजिकैको वस्ती सतह सँग समानान्तर रहेको तथा प्रत्येक वर्ष ठुलो मात्रामा नदीजन्य पदार्थ थुप्रने भएकोले प्रत्येक वर्ष नदीजन्य पदार्थ उत्खनन् नभएमा विपदको उच्च जोखिम रहने ।
- मेशिन प्रयोग गर्दा हुने जैविक, आर्थिक र सामाजिक प्रभाव/असरः-
  मेशिन प्रयोग गर्दा प्रभावकरी रुपमा अनुगमन हुन जरुरी छ । प्रभावकारी अनुगमन नहुँदा ध्वनी प्रदुषण, वायु प्रदुषण तथा नदीजन्य पदार्थको दोहन हुन सक्छ । बाढी आएको तथा वर्षातको

हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

समयमा उत्खनन् हुँदा जैविक वातावरणमा समेत प्रभाव पर्ने हुनाले सो समयमा उत्खनन् गर्न पाईने छैन ।

- मेशिन प्रयोग गरी उत्खनन् गर्दाका फाईदाहरुः-

  मेशिन प्रयोग गरी उत्खनन् गर्दा तोकिएको परिमाणको नदीजन्य पदार्थ सजिलै उत्खनन् हुने हुँदा स्थानीय रुपमा नदीजन्य पदार्थको सरल उपलब्धता हुने हुन्छ । मानव श्रोतको प्रयोग गरी गरीने उत्खनन् मा भन्दा कम मूल्यमा नदीजन्य पदार्थ उपलब्ध हुन्छ । दायाँ बायाँ तोकिएको क्षेत्र छाडी बीच भागमा उत्खनन् गर्नाले नदीले वहाव परिवर्तन गर्ने सम्भावना न्यूनीकरण हुनाले विपद जोखिम कम हुन्छ ।

**५. मेशिन प्रयोग योजनाः**

| | |
|---|---|
| मेशिन उपकरणको किसिम | स्काभेटर |
| प्रयोग हुने स्काभेटरको संख्या | प्रत्येक खण्डमा १ देखि २ वटा सम्म (अन्य निकायको समन्वयमा गाउँपालिकाले अन्तिम निर्णय गर्ने) |
| प्रयोग गर्ने क्षेत्र | गिरुवारी, बेलाहानी, कोलिया खण्ड |
| प्रयोग गर्ने कारण | विपद जोखिम न्यूनीकरण निर्माण सामाग्री व्यवस्थापन |
| प्रयोग गर्ने समय | विहान सूर्योदय देखि सूर्यास्त अगाडी सम्म |
| प्रयोग गर्ने महिना | जेष्ठ मसान्त भन्दा अगाडी |
| अधिकतम् गहिराई एवं लम्बाई चौडाई | प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भए अनुसार |
| अनुमानित निकालिने परिमाण | प्रारम्भिक वातावरणीय प्रतिवेदनमा तोकिए अनुसार |
| मुख्य वस्ती देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औसत दुरी | करीव १.५ कि.मि. |
| स्थानीय रोड देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औसत दुरी | करीव १.५ कि.मि. |
| अन्य संवेदनशील क्षेत्र | पुल, पुलेसा, कुलो, बाँध, बाटो पर्ने स्थानमा तोकिएको क्षेत्र छोड्नु पर्ने । |

**नोटः-** उपकरणको संख्या समयावधी र मापदण्डको सन्दर्भमा राष्ट्रपती चुरे तराई मधेश संरक्षण तथा विकास समितिको अनुमति पश्चात गाउँपालिकाले गरेको निर्णय वमोजिम हुने ।

सुस्तीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नवलपरासी (ब.सु.प.)

**लक्ष्मी देवी पाण्डे**
**अध्यक्ष**

४. प्रस्ताव नं. ४ सम्बन्धमा छलफल गर्दा संघीय सरकार द्वारा यस गाउँपालिकामा विनियोजन भएको तराई मधेश समृद्धि कार्यक्रमबाट सामुदायीक भवन निर्माणको लागि रकम विनियोजन भई आएकोमा सो भवन निर्माणको लागि सूचना प्रकाशित भई सकेकोले भवन निर्माण गर्ने स्थानको छनौट नभएको हुँदा काममा असहज हुन सक्ने देखिएकोले यथाशिघ्र भवन निर्माणको स्थान छनौट गरी पठाउन सम्बन्धित वडालाई जिम्मा दिने निर्णय गरीयो । साथै प्रदेश सरकार द्वारा आउने रकम मध्ये DPR गरी बाँकी रकमबाट हुप्सेकोट वडा नं. ६ मा महिला सहकारी भवन तथा कृषि उपज संकलन केन्द्र निर्माण गर्ने भनि निर्णय गरीयो ।

५. प्रस्ताव नं. ५ सम्बन्धमा छलफल गर्दा पार्श्व चित्रको प्रारम्भीक छलफल र राजश्व सुधार योजनाको प्रतिवेदन माथिको छलफल आगामी २०७६ साल वैशाख महिना भित्र सम्पन्न गरी अन्तिम रुप दिने निर्णय गरीयो ।

६. प्रस्ताव नं. ६ सम्बन्धमा छलफल गर्दा लागत सहभागिताको योजनाहरुको बारेमा छलफल गरी उक्त योजनाको संचालन वस्तुस्थितीको बारेमा जानकारी लिने कार्य भयो ।

७. प्रस्ताव नं. ७ सम्बन्धमा छलफल गर्दा स्वास्थ्य तर्फ आमा प्रोत्साहन भत्ता वापत (सुत्केरी आमालाई दिदै आएको) वितरणको लागि विनियोजन भएको रकम रु.१० लाख रकम सकिई सकेको र अब बाँकी रहने ४ महिना २०७५ चैत्र देखि २०७६ असार सम्मको लागि आवश्यक पर्ने अनुमानित वजेट रु.६ लाख सम्म आन्तरीक वजेटबाट व्यवस्थापन गरी भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरीयो ।

८. प्रस्ताव नं. ८ सम्बन्धमा छलफल गर्दा पशु सेवा शाखाको पशु विमा कार्यक्रमको कार्यविधिमा भेडा, बाख्रा, वंगुरलाई समेत समेटी पेश भएको तपसिल अनुसारको कार्यविधि पारीत गर्ने निर्णय गरीयो ।

## हुप्सेकोट गाउँपालिका

## पशु विमा सम्बन्धि कार्यविधि २०७५

विमा ऐन २०४९ को दफा ८ (ख) २ ले लेखिएको अधिकार प्रयोग गरी विमा समितिले तत्कालीन कृषि विकास मन्त्रालयको सहयोग र समन्वयमा बाली तथा पशुपंक्षी विमा निर्देशन, २०६९ जारी गरी नेपालमा औपचारीक र कानुनी रुपमा कृषि विमाको शुरुवात गरीएको हुँदा नेपाल एक कृषि प्रधान देश हो कृषि अन्तर्गत पशुपंक्षी पालन पनि पर्ने गर्दछ नेपालको कुल ग्राहस्थ उत्पादनमा पशुपंक्षी पालनको योगदान १०% भन्दा धेरै रहेको छ । पशुपंक्षी पालनको मुख्य उद्देश्य नेपाललाई पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाई यस्ता बस्तुको माग प्रतिस्थापन गरी रोजगारीका साथै आय आर्जन वृद्धी गर्नु पर्ने रहेको छ । यस हुप्सेकोट गाउँपालिकाका ६ वटा वडाहरु मध्ये पहाडी वडाहरु वडा नं २ र ४ को केहि

हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

भूभाग वडा नं ५ र ६ को सम्पूर्ण भूभागहरुमा बाख्रा, वंगुर तथा लोकल कुखुरा पालनको बढी सम्भाव्यता रहेको भनि बाँकी समथर वडाहरु १,२,३ र ४ को केहि भागहरु दुध उत्पादनको लागि बढी सम्भावित क्षेत्र रहेको छ । हुप्सेकोट गाउँपालिका मासुजन्य उत्पादनमा आत्मनिर्भर रहेको विभिन्न तथ्याङ्कबाट देखिन्छ भने दुध उत्पादनमा भने माग अनुसारको आपूर्ति समेत पुर्याउन सकेको अवस्था छैन ।

पशु विमाको उद्देश्य

१. पशु विमाको माध्यमबाट कृषकहरुलाई पशुपालनमा बढी आकर्षित गर्न सक्ने र पशुमा लाग्ने विभिन्न रोगहरु, महामारी, प्राकृतिक विपत्ती आदिबाट हुने क्षतीलाई न्युनिकरण गर्ने ।

२. विमा गरीएको पशुहरुमा माथि उल्लेखित कारणबाट हुने क्षती र सुरक्षण विमा कम्पनीले सो को क्षती व्यहोर्ने हुँदा किसानहरुलाई आर्थिक व्ययभार कम हुने ।

३. पशु विमाको माध्यमबाट किसानहरुलाई थप उत्साह दिनुका साथै पशुपालन व्यवसायलाई द्विगो र मर्यादित गराउनको लागि यो विमाको ठुलो भुमिका हुने ।

पशु विमा लागु हुने क्षेत्र

यस गाउँपालिका भित्रका सम्पूर्ण गाई, भैंसी, भेडा, बाख्रा, वंगुर आदिमा विमा गरिनेछ ।

पशु विमाको लागि अनुदान तथा वजेट

- पशु विमाको लागि पशुको मुल्याङ्कन गरी मुल्याङ्कनको ५% प्रिमियम रकम सो प्रिमियम रकमलाई १०० प्रतिशत मानी सोको ७५% नेपाल सरकारको अनुदान हुनेछ बाँकी २५% रकमलाई पुनः१००% मानी सोको ५०% किसानको स्वामित्व हुनेछ भने ५०% रकम यस गाउँपालिकाले अनुदान रकम उपलब्ध गराउने छ । साथै पशु विमाको साथै पशुधनीको दुर्घटना विमा वापत रु.१००, हुलाक टिकट वापत रु.१०, पशु स्वास्थ्य परिक्षण वापत रु.४०/- गाई भैंसीमा रु.१०/- भेडा बाख्रा तथा रु.२५/- वंगुरमा अन्य कुराहरु नागरिकताको फोटोकपी जनावरको फोटो आदि किसान स्वयंले उपलब्ध गराई दिनु पर्नेछ ।
- हुप्सेकोट गाउँपालिकाले यस कार्यको लागि रु.३,२२,०००/- अक्षरुपी तीन लाख बाईस हजार रुपैयाँ वजेट विनियोजन गरेको छ ।

विमा गरिने पशुको मापदण्ड देहाय अनुसार हुनेछ

१. विमा गर्ने पशुको उमेर गाईमा न्युनतम २ वर्ष देखि अधिकतम १० वर्ष सम्म हुनेछ भने भैंसी ३ वर्ष देखि १० वर्ष सम्म हुनेछ । भने गाई उन्नत नश्लको हुनु पर्नेछ र बाच्छाबाच्छी र पाडापाडीको हकमा ६ महिना देखि २ वर्ष सम्म हुनेछ ।

२. दुग्ध उत्पादन प्रयोजनको लागि पालन गरिएका पशुहरुका साथै मासु प्रयोजनको लागि यो विमा लागु हुनेछ ।

३. जनावर निरोगी भएको हुनु पर्नेछ ।

हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी (ब.सु.पू.)

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

४. भेडा बाख्रा वंगुरमा न्यनतम् ३ महिनादेखि २ वर्ष सम्म हुनेछ ।

पशु पंक्षी विमा गर्ने प्रक्रिया

१. कृषक द्वारा प्रस्ताव फारम भर्नेः गाउँपालिकाले तोकेको समय र स्थानमा गई विमा गर्नु पर्ने पशुहरुको विमा दरखास्त किसान स्वयंले गर्नु पर्नेछ ।

२. प्राविधिकको मुल्याङ्कनः पशु सेवा शाखाका प्राविधिकहरुले पशु धन मुल्याङ्कनका साथै निरोगिताको सिफारिस गर्नेछ ।

३. विमा लेख जारी गर्नेः सम्बन्धित विमा कम्पनीले विमा लेख जारी गर्नेछ विमा लेख जारी भई किसानको हातमा आए पछि मात्र पशु धन सुरक्षण भएको मानिनेछ ।

४. विमा लेख व्यक्तिगत नाममा हुनेछ ।

दावी भुक्तानी प्रक्रिया (मृत्यु पश्चात)

दावी भुक्तानी संलग्न कम्पनीको नियमानुसार हुनेछ भने पशु सेवा शाखाले मृत्यु प्रमाणितको सिफारिस गरिदिने छ ।

समयावधी

यो प्रस्ताव/कार्यविधि मिति २०७६ साल जेष्ठ मसान्त सम्म लागु हुनेछ ।

९. प्रस्ताव नं ९ सम्बन्धमा छलफल गर्दा सुन्दर सुखी र उद्यमी हुप्सेकोट भन्ने नारा सहित गाउँपालिकाले तयार पारेको गाउँपालिका रणनीतिक योजना २०७५/०७६-०७८/०७९ लाई आधार मानि आगामी आवधिक योजना तयार गर्न आवश्यक व्यवस्था गर्ने निर्णय गरीयो ।

१०. प्रस्ताव नं. १० सम्बन्धमा छलफल गर्दाः-

प्रस्ताव नं. १०क सम्बन्धमा छलफल गर्दा पाठ्यक्रम परिमार्जन सम्बन्धमा शैक्षिक सत्र ०७६/०७७ को शुरुवाटै नैतिक शिक्षा (कक्षा ६-८ सम्म) र सामाजिक शिक्षा (कक्षा ६-१० सम्म) अनिवार्य गरी लागु गर्ने र उक्त विषयहरु सबै विद्यालयहरुले नेपाली भाषामा पठन पाठन गर्न गराउन शिक्षा शाखालाई पत्राचार गर्ने निर्णय गरीयो । साथै गाउँ शिक्षा समितिको मिति २०७५/१२/२५ को निर्णय अनुसार सिफारिस भई आएका निम्न निर्णयहरुलाई पारित गर्ने निर्णय गरीयो ।

निम्नः

प्रस्ताव नं. १) नतिजा प्रकाशन तथा विश्लेषण सम्बन्धमा ।

निर्णय नं. १) प्रस्ताव नं १ माथि छलफल गर्दा आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ को नतिजा विश्लेषण गरी कमजोर नतिजा आएका विद्यालयहरुलाई स्रोत र साधनको खोजी गर्ने र जहाँ साधनहरु हुँदा हुँदै पनि नतिजा कमजोर आउनुका कारणहरु पत्ता लगाउने र आगामी दिन स्रोत र साधनको बढी भन्दा

हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी (ब.सु.पू.)

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

बढी उपयोग गराउने निर्णय गरीयो । साथै नतिजा प्रकाशन गर्नको लागि परीक्षा समितिलाई जिम्मा दिने निर्णय गरीयो र नतिजा गाउँपालिकाको Wave site बाट प्रकाशन गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं. २) २०७५ को नयाँ भर्ना अभियान सम्बन्धमा ।

निर्णय नं. २) प्रस्ताव नं २ माथि छलफल गर्दा २०७६ सालको भर्ना अभियानको आदर्श वाक्य **"हाम्रो नगर हाम्रो गाउँ, सबै वालवालिकालाई विद्यालय पुर्याउँ"** भन्ने वाक्यलाई सार्थकताकासाथ अगाडी बढाउने निर्णय गरीयो ।

प्रस्ताव नं. ३) विद्यालय समायोजन सम्बन्धमा ।

निर्णय नं. ३) प्रस्ताव नं ३ माथि छलफल गर्दा यस हुप्सेकोट गाउँपालिका वडा नं २ अवस्थित हुप्सेकोट प्रा.वि. मोहनडाँडा र जनता कल्याण प्रा.वि. हुप्सेकोट २ मोहनडाँडालाई दुवै विद्यालयका विद्यालय व्यवस्थापन समिति र अभिभावकको सक्रियतामा समायोजन प्रक्रिया अगाडी बढी विद्यालय समेत (भवन) निर्माण भएको हुँदा त्यसलाई औपचारिक रुपमा घोषणा गर्नको लागि नियम र प्रक्रिया अनुसार शैक्षिक सत्र २०७६ को भर्ना अभियानमा नै एउटै ठाउँमा कक्षा ६ संचालन गर्नको लागि निर्णय गरीयो ।

प्रस्ताव नं. ४) लक्ष्मी प्रा.वि. कुटेको सम्बन्धमा ।

निर्णय नं. ४) प्रस्ताव नं ४ माथि छलफल गर्दा यस हुप्सेकोट गाउँपालिका वडा नं ४ कुटे र भाले ढुङ्गाको बीचमा पर्ने गरी भवन निर्माण गर्नको लागि विनियोजित रु.५,००,०००/- अक्षरुपी पाँच लाख मात्र र उक्त ठाउँको स्थलगत निरीक्षण विद्यालय व्यवस्थापन समितिको राय सल्लाह अनुसार भाले ढुङ्गामा भवन निर्माण गरी त्यस क्षेत्रका वालवालिकालाई विद्यालयको पहुँचमा पुर्याउने गरी कक्षा संचालन गर्न गराउने निर्णय गरीयो ।

प्रस्ताव नं. ५) थप कक्षा संचालनको अनुमति सम्बन्धमा ।

निर्णय नं. ५) प्रस्ताव नं ५ माथि छलफल गर्दा थप कक्षा संचालन सम्बन्धमा दिएको निवेदन, डकुमेन्ट, विद्यालयको पूर्वाधार, श्रोत र साधन हेर्दा तपसिलका विद्यालयहरुलाई थप कक्षा संचालन गर्नको लागि अनुमति दिने निर्णय गरीयो ।

- नमोवुद्ध इङ्गलिश वोर्डिङ्ग स्कूल, कक्षा - ६
- शंखदेव इङ्गलिश वोर्डिङ्ग स्कूल हुप्सेकोट ४, कक्षा - ५
- हुप्सेकोट प्रा.वि. हुप्सेकोट ६ विरुखर्क, कक्षा - ६

प्रस्ताव नं. ६) विषय शिक्षकको भाषाको सम्बन्धमा ।

निर्णय नं. ६) प्रस्ताव नं ६ माथि छलफल गर्दा संस्थागत तथा सामुदायीक विद्यालयहरुले सामाजिक र नैतिक विषय अंग्रेजी भाषामा शिक्षण गर्दै आएकोमा २०७६ साल देखि माथिका २ विषयलाई नेपाली भाषाको माध्यममा शिक्षण गराउन निर्देशन दिने निर्णय गरीयो ।

प्रस्ताव नं. ७) उत्प्रेरणात्मक कक्षा संचालन सम्बन्धमा ।

हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नवलपरासी

**लक्ष्मी देवी पाण्डे**
**अध्यक्ष**

निर्णय नं. ७) प्रस्ताव नं ७ माथि छलफल गर्दा यस हुप्सेकोट गाउँपालिका भित्र अवस्थित सामुदायीक तथा संस्थागत विद्यालयका सबै शिक्षकहरुलाई उत्प्रेरणात्मक कक्षा संचालन गर्न विषय विज्ञको समय हेरी समय निर्धारण गर्ने र सबै शिक्षकहरुलाई अनिवार्य उपस्थिती गराउन प्र.अ. तथा प्रिन्सिपलहरुलाई अनुरोध गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं.१०ख सम्बन्धमा छलफल गर्दा अनुगमन प्रक्रियालाई अझ प्रभावकारीता अभिवृद्धि गर्नको लागि यस गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन २०७५ को प्रावधान अनुसार नै सक्रियताका साथ अगाडी बढाउने निर्णय गरीयो ।

प्रस्ताव नं.१०ग सम्बन्धमा छलफल गर्दा वडा नं २ अन्तर्गतको ८ नं. डहरले ४०% बराबरको रकम रु.२६लाख गाउँपालिकाको खातामा जम्मा गरी सकेकोले यस आ.व.०७५/०७६ को वजेटबाट रु.५लाख गाउँपालिकाको आन्तरीक श्रोत र अन्य श्रोतबाट समेत रकम व्यवस्थापन गरी जम्मा रु.३१लाख बराबरको योजना सम्झौता गरी काम अगाडी बढाउने निर्णय गरीयो ।

प्रस्ताव नं.१०घ सम्बन्धमा छलफल गर्दा वडा नं. १ स्थित शान्ति वन वाटिका पिक्निक स्थलमा नै प्रदेश सरकारबाट प्राप्त भएको रकमबाट वाल उद्यान निर्माण गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं.१०ङ सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका भित्र विद्युतको पहुँच नपुगेको स्थानको पहिचान सहितको DPR तयार गरी प्रदेश सरकार र संघीय सरकारमा आवश्यक वजेट माग गरी लेखी पठाउने निर्णय गरीयो ।

प्रस्ताव नं.१०च सम्बन्धमा छलफल गर्दा आदर्श नहर कुलो मर्मतका लागि रु.५लाख आन्तरीक श्रोतबाट खर्च व्यहोर्ने गरी योजना स्वीकृत गरी सोही अनुसार योजना संचालन गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं.१०छ सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका भित्र चल्ने विभिन्न सवारी साधनहरुको ट्राफिक व्यवस्थापन कमजोर हुँदा दुर्घटनाहरु वढी हुने देखिएकोले सो को व्यवस्थापनको लागि जिल्ला ट्राफिक कार्यालय कावासोतीलाई आवश्यक सहयोगको लागि अनुरोध गरी पठाउने निर्णय गरीयो ।

हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.पू.)

लक्ष्मी देवी पाण्डे
अध्यक्ष